सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
"हाम्रो समुदाय हाम्रो बैंक"

को

## विशेष साधारणसभाको निर्णय तथा कार्यवाही विवरण

**१. विशेष साधारणसभा :**

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०७४/१२/२७ गतेको बैठक नं.१२७ को निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ बमोजिम विशेष साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री तारानाथ निरौलाज्यूको अध्यक्षतामा बस्यो । साधारण सभामा उपस्थिति, प्रस्तुत प्रस्तावहरू र भएका निर्णयहरू निम्न बमोजिम छन् ।

**२. सभाको मिति, समय र स्थान :**

२.१ मिति : २०७५ साल बैशाख १५ गते शनिवार (तद्नुसार अप्रिल २८, २०१८) ।

२.२ समय : बिहान ११:०० बजे ।

२.३ स्थान : उद्योग संगठन मोरङ, बिराटनगर ।

**३. सभाको सूचना प्रकाशन :**

३.१ साधारणसभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०७४ चैत्र १९ गतेको "अभियान दैनिक" र मिति २०७४ चैत्र २८ गतेको "उद्घोष दैनिक" राष्ट्रिय पत्रिकामा २ (दुई) पटक प्रकाशन गरी शेयरधनीहरूलाई जानकारी गराईएको थियो ।

३.२ प्रस्तावका विषयवस्तुहरू शेयरधनीहरूको घर ठेगानामा पठाईसकिएको कुरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

**४. छलफलका विषय सूचीहरू :**

**क विशेष प्रस्तावहरू :**

१. बैंकको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा ।

२. कार्यक्षेत्र विस्तारकालागि आवश्यकता बमोजिमको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

**ख विविध :**

**५. उपस्थिति :**

५.१. सञ्चालकहरू (कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम),

| | |
|---|---|
| क. श्री तारानाथ निरौला | अध्यक्ष |
| ख. श्री बलराम बराल | सञ्चालक |
| ग. डा.श्री पुष्प प्रसाद रिजाल | सञ्चालक |
| घ. श्री यज्ञ प्रसाद शर्मा | सञ्चालक |

ङ. श्री यादव पोखरेल — सञ्चालक

च. श्री भगिरथ खनाल — सञ्चालक

छ. डा. श्री अर्जुन कुमार बराल — सञ्चालक

५.२. व्यबस्थापन समूह

क. श्री नविन सुवेदी — प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

ख. श्री विदुर पोखरेल — कर्जा/जनशक्ति व्यबस्थापन विभाग प्रमुख

ग. श्री देवि प्रसाद भण्डारी — लेखा/सामान्य सेवा विभाग प्रमुख

घ. श्री सुमन खत्री — आन्तरिक लेखापरीक्षण विभाग प्रमुख

५.३. पर्यवेक्षक तथा प्रतिनिधी

क. श्री कमल प्रसाद नेपाल — शेयर रजिष्ट्रार प्रतिनिधी

कम्पनीको कुल शेयरधनी संख्या १८,३७३ रहेकोमा देहाय बमोजिमका शेयरधनीहरूको उपस्थितिमा सभा सम्पन्न भयो ।

संस्थापक शेयरधनीको उपस्थिति (स्वयं तथा प्रतिनिधि) २५४ जना २,४७५,३१६ कित्ता ।

सर्वसाधारण शेयरधनीको उपस्थिति (स्वयं तथा प्रतिनिधि) ६८ जना ४१,६०८ कित्ता ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | स्वयं उपस्थित शेयर संख्या (क) | प्रतिनिधिद्वारा उपस्थित शेयर संख्या (ख) | जम्मा (क+ख) | उपस्थित शेयर संख्याको प्रतिशत |
|---|---|---|---|---|---|---|
| ४,८५३,००० | २,९११,८०० | १,९४१,२०० | ८८४,०५८ (१३६ जना) | १,६३२,८६६ (१८६ जना) | २,५१६,९२४ (३२२ जना) | ५१.८६ |

६. **<u>सभाको वैधानिकता र गणपूरक संख्या</u> :**

६.१ साधारणसभा शुरू हुनुभन्दा अघि कम्पनी सचिवले उपस्थित शेयरधनीहरूलाई कम्पनी ऐन, २०६३ को दफा ६७ उपदफा (२) बमोजिम कम्पनीको बिशेष साधारणसभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३ उपदफा (२) बमोजिम सभाकालागि आवश्यक गणपूरक संख्या पुगेको जानकारी सभालाई गराउँनु भयो ।

६.२ कम्पनी ऐन, २०६३ को दफा ७३ उपदफा (२) बमोजिम गणपूरक संख्या पुगेको सभाले मञ्जुर गर्दै सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र प्रचलित ऐन बमोजिम कार्यवाही बढाउन सभाले अनुमति दियो ।

७. **सभाको अध्यक्षता** :

कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम तथा कम्पनीको नियमावलीको नियम १८ उपनियम (५) बमोजिम साधारणसभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री तारानाथ निरौलाज्यूलाई सभाको अध्यक्षता ग्रहण गरिदिन हुन आग्रह गर्नु भयो र वहाँले अध्यक्षको आसन ग्रहण गर्नुभयो । यसैगरी अन्य सञ्चालकहरूले पनि क्रमशः सभामा आ-आफ्नो आसन ग्रहण गर्नुभयो ।

SAPTAKOSHI DEVELOPMENT BANK LIMITED ★ CORPORATE OFFICE BIRATNAGAR

८. **सभाको समुद्घाटन :**

सभाका अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गरी सभाको समुद्घाटन गर्नुभयो ।

९. **स्वागत मन्तव्य :**

सभामा उपस्थित शेयरधनीहरू सहित अन्य महानुभावहरूलाई सञ्चालक श्री बलराम बरालज्यूले मन्तव्य सहित स्वागत गर्नुभयो ।

१०. **सभाको सञ्चालन :**

सभाको कार्यवाही अगाडी बढाउन एवं छलफलकालागि सभाध्यक्षको अनुमतिले कम्पनी सचिवले निर्धारित विषयसूचीहरूलाई सभामा प्रस्तुत गर्नुभयो ।

११. **प्रस्तावहरूको प्रस्तुति तथा प्रस्तावहरूका सम्बन्धमा सभाबाट भएको निर्णयहरू :**

**विशेष प्रस्ताव नं. १**

सञ्चालक समितिको मिति २०७४/१२/१७ गतेको बैठक नं.१२७बाट सिफारिस भए बमोजिम यस बैंकको हालको कार्यक्षेत्र पाँचथर, इलाम र मोरङ गरी ३ जिल्ला रहेकोमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम थप २ जिल्लामा कार्यक्षेत्र थप गर्न सक्ने भएको हुँदा प्रदेश नं.१का झापा जिल्ला तथा सुनसरी जिल्ला गरी २ जिल्लामा कार्यक्षेत्र थप गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

**विशेष प्रस्ताव नं. २**

यस बैंकको सञ्चालक समितिको मिति २०७४/१२/१७ गतेको बैठक नं.१२७बाट सिफारिस भए बमोजिम यस बैंकको प्रबन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम संसोधन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो । साथै नियमनकारी निकायहरूबाट डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु पर्ने भए आवश्यक फेरबदल तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियार दिने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

**प्रबन्धपत्रमा संशोधन**

**दफा २**

**डेभलपमेन्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : डेभलपमेन्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मोरङ जिल्ला बुढीगंगा गाउँपालिका वडा नं.२ टंकिसिनवारीमा रहनेछ । डेभलपमेन्ट बैंकको कार्यक्षेत्र मोरङ, सुनसरी, इलाम, पाँचथर, झापा पाँच जिल्ला भित्र मात्र सीमित हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ ।

**नियमावलीमा संशोधन**

**दफा २**

**डेभलपमेन्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : डेभलपमेन्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मोरङ जिल्ला बुढीगंगा गाउँपालिका वडा नं.२ टंकिसिनवारीमा रहनेछ । डेभलपमेन्ट बैंकको कार्यक्षेत्र मोरङ, सुनसरी, इलाम, पाँचथर, झापा पाँच जिल्ला भित्र मात्र सीमित हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ ।

SAPTAKOSHI DEVELOPMENT BANK LIMITED * CORPORATE OFFICE BIRATNAGAR *

१२. **धन्यवाद मन्तव्य :**

१२.१ शेयरधनीहरूको तर्फबाट संस्थापक शेयरधनी श्री चण्डी प्रसाद पराजुलीले धन्यवाद मन्तव्य राख्नुभयो ।

१२.२ शेयरधनीहरूको तर्फबाट संस्थापक शेयरधनी श्री टेक बहादुर थपलियाले धन्यवाद मन्तव्य राख्नुभयो ।

१२.१ शेयरधनीहरूको तर्फबाट संस्थापक शेयरधनी श्री टिका प्रसाद दाहालले धन्यवाद मन्तव्य राख्नुभयो ।

१२.१ शेयर रजिष्ट्रार कम्पनीको तर्फबाट एनएमबि क्यापिटल लिमिटेडका प्रमुख व्यबसाय र सञ्चालन अधिकृत श्री कमल प्रसाद नेपालले धन्यवाद मन्तव्य राख्नुभयो ।

१३. **धन्यवाद ज्ञापन :**

विशेष साधारणसभा सफलाकासाथ सम्पन्न भएकोमा अध्यक्ष श्री तारानाथ निरौलाले सरोकारवाला सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

१४. **सभाको समापन :**

बैंकको विशेष साधारण सभाकालागि निर्धारित विषयहरू समाप्त भएको हुँदा सभाध्यक्षको अनुमतिले कम्पनी सचिवले साधारणसभा सफलाकासाथ सम्पन्न भएकोमा सरोकारवाला सबैमा धन्यवाद दिदै सभा समापन भएको घोषणा गर्नुभयो ।

नविन सुवेदी
कम्पनी सचिव

तारानाथ निरौला
अध्यक्ष

सभा सम्पन्न मिति : २०७५ साल बैशाख १५ गते रोज् ७ तद्नुसार २८ अप्रिल २०१८ ..........